का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ जेठ २०८०,
बुधबार
7 June 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १३२ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# विपक्षी दलहरुले सरकारलाई दिए शंकाको सुविधा

बजेट निर्माण प्रक्रियामा अनधिकृत व्यक्तिको संलग्नता रहेको भनी आफैँले उठाएको प्रश्नबाट विपक्षी दलहरु पछि हटेका छन् । तथापि, उनीहरुको चेतावनी छ - गलत नगरेको स्पष्टीकरण दिएका अर्थमन्त्री डा. प्रकाशशरण महतलाई शंकाको सुविधा दिएका छौं । फेरि पनि करको दरहरुमा ब्यापारीको अनुहार खोजिनेछ ।



## अर्थमन्त्रीको स्पष्टीकरण

## ‘स्वतन्त्ररुपमा करको दर तय गरिएको छ’



बजेटसँगै आउने आर्थिक विधेयकमार्फत सरकारले करका दर परिवर्तन, खारेजी र नयाँ प्रस्ताव गर्नेगर्छ । आर्थिक विधेयकलाई अन्तिमरुपमा दिन अर्थमन्त्री, राजस्व सचिव, राजस्व महाशाखा प्रमुख, भन्सार र आन्तरिक राजस्व विभागका महानिर्देशकलगायतका व्यक्ति रहने व्यवस्था छ । यही व्यवस्थाअनुसारका व्यक्ति बसेर स्वतन्त्ररुपमा आधारसहित करका दर तय गरिएको छ ।

**डा. प्रकाशशरण महत**
अर्थमन्त्री

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २३ जेठ ।

डा. प्रकाशशरण महतले करको दर हेरफेर गर्न रामकृष्ण श्रेष्ठलाई हायर गरिएको (करारमा लिइएको) स्वीकारेका छन् ।

निश्चित घरानालाई फाइदा पुग्नेगरी करका दर हेरफेरमा अनधिकृत व्यक्ति पूर्व नायव सुब्बा रामकृष्ण श्रेष्ठलाई प्रयोग गरिएको समाचार प्रकाशन भएपछि अर्थमन्त्री महतले त्यसबारे मुख खोलेका हुन् ।

अर्थमन्त्री डा. प्रकाशशरण महतले करको दरहरुमा हार्मोनाइजेसन कोड(एचएस) विगतदेखि जसले टाइप गर्दै आएको हो उसैले टाइप गरेको भन्दै करको दर हेरफेरमा कुनै अनधिकृत व्यक्तिको प्रवेश नरहेको दाबी गरेका छन् । श्रेष्ठले बिगतदेखि नै करका दर चलाउने काम गरिरहेका भन्दै उनले उनी अनधिकृत नभएको दावी गरेका छन् ।

‘बजेट बनाउँदा अर्थमन्त्री, राजस्व र अर्थको दुई वटा सचिव, राजस्व, आन्तरिक राजस्व विभाग र भन्सार विभाग प्रमुख र त्यसलाई हेर्ने दुई वटा उपसचिव हुन्छ, त्यो मात्रै हुन्छ,’ उनले भने, ‘विगतदेखि नै जसले टाइप गर्ने गरेको हो, उसैले बजेट टाइप गरेको हो । सधैं टाइप गर्ने मान्छे मन्त्रालयले ‘हायर’ नै गरिएको हुन्छ, जो आधिकारिक मान्छे हुन्छ ।’

बजेट र राजस्वको दर चलाउने टिमले हस्ताक्षर गरेर टुंग्याएको विषय नै टाइप गर्नेले इन्ट्री गर्ने उनको दाबी छ । मंगलबार प्रतिनिधिसभामा जवाफ दिँदै »» पृष्ठ २ मा

## एमाले पछि हट्नुका चार कारण

नेताहरुका अनुसार विपक्षी दलहरु आफ्नो मागमा अडिन सकेनन् । त्यसका मुख्यत चार कारण छन् । पहिलो - करको दर हेरफेरमा संलग्न अनाधिकृत व्यक्ति भनिएका रामकृष्ण श्रेष्ठले बजेट निर्माणमा संलग्न रहेको स्वीकार गरे ।


दोस्रो - श्रेष्ठले आफू सरकारी तलब खाने व्यक्ति भएकोले अनाधिकृत व्यक्ति नरहेको भनी प्रतिवाद गरे ।

तेस्रो - स्वयम अर्थमन्त्री महतले श्रेष्ठलाई विज्ञका रुपमा सरकारले नियुक्त गरेको बताए । आफूहरुले भने अनुसार श्रेष्ठले करको दर हेरफेरमा कोडिङको काम गरेको स्पष्टीकरण दिए ।

चौथो - विपक्षी दलहरु ब्याक हुनुको महत्वपूर्ण कारण श्रेष्ठलाई नियुक्त गर्ने प्रक्रियामा एमाले समेतको समर्थनको सरकारको आशंका हो । अर्थमन्त्री महतले आफू मन्त्रालयको जिम्मेवारी लिएर आउनु अगावै विज्ञको रुपमा श्रेष्ठलाई नियुक्ति दिलाइएको भनी सांकेतिक रुपमा एमाले प्रति नै प्रतिप्रश्न गरे ।

## रास्वपा र राप्रपा पछि हट्नुका दुई कारण





एमाले बाहेकका दलहरु संसदीय छानबिन समिति गठन गर्नुपर्ने मागमा अडिन नसक्नुका पनि दुई कारण छन् ।

पहिलो - प्रयाप्त प्रमाण थिएन ।

दोस्रो - एमाले समेत सहमत हुँदा यो विषयमा एक्लै हुने डर ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २३ जेठ ।

बजेट निर्माका क्रममा करको दर हेरफेर गर्ने कार्यमा अनधिकृत व्यक्तिको संलग्नता रहेको भनी उठेको प्रश्न तत्कालका लागि टरेको छ । खासगरी प्रमुख प्रतिपक्षी नेकपा एमाले र विपक्षी दलहरु राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र साना दलहरुले यो विषयलाई प्रमुखताका साथ उठाएका थिए । यस विषयमा संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग गर्ने हदसम्म विपक्षी दलहरु पुगेका थिए ।



अर्थमन्त्रीज्यूलाई बेनिफिट अफ डाउट दिएर मैले भनें - अरु कुराहरुमा पनि हामी सतर्कताका साथ हेरिरहेका छौं, हेर्छौं । करका दरहरुसँग ब्यापारीका अनुहार खोज्छौं ।

**केपी शर्मा ओली**
अध्यक्ष, एमाले



सार्वजनिकरुपमा प्रश्न उठेकाले अर्थमन्त्रीको जवाफ माग गरेका हौं । अर्थमन्त्रीको जवाफलाई विश्वास गरौं न भन्ने भएको छ ।

**ज्ञानेन्द्र शाही**
प्रमुख सचेतक, राप्रपा

अर्थमन्त्रालय स्रोतका अनुसार श्रेष्ठसँग २५ फागुन २०७९ मा असार मसान्त २०८० सम्मका लागि करार सम्झौता भएको थियो । यो निर्णय १९ फागुनमा नेपाल सरकारले गरेको थियो । १९ फागुन २०७९ मा एमाले सरकारमा थिएन । १५ फागुनमै एमाले सरकारबाट बाहिरिएको भएतापनि नेपाल सरकारबाट निर्णय हुनु अगाडि अर्थ मन्त्रालयबाट श्रेष्ठसँग विज्ञका रुपमा करार सम्झौता गर्ने निर्णय हुँदा अर्थमन्त्रीका रुपमा एमालेका विष्णु पौडेल थिए । »» पृष्ठ २ मा

व्यवसायिक कृषिले बनाउँछ खुसी ।

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतियोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर वि देशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एमालेमा उमेर हद निलम्बन

१५ वर्षदेखि लागू गर्दै आएको ७० वर्ष उमेर हद हटाउने तयारी एमालेले अगाडि बढाएको छ । सचिवालयबाट यो प्रावधान निलम्बन गरेको एमालेले यो प्रस्ताव विधान महाधिवेशनमा लैजाने भएको छ ।



**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २३ जेठ ।

नेकपा एमालेले १५ वर्षदेखि अभ्यास गर्दै आएको ७० वर्षे उमेर हद हटाएको छ । गत १९ जेठमा बसेको सचिवालय बैठकले उमेर हद सम्बन्धी प्रावधान हटाउने निर्णय गरेको खुलेको छ ।

सचिवालय बैठकले गरेको निर्णय विधान महाधिवेशनमा लैजाने तयारी एमालेले गरेको छ । एक नेताका अनुसार, उमेर हद नराख्ने निर्णय विधान महाधिवेशनमा निर्णयार्थ लगिनेछ ।

पार्टी नेतृत्वलाई व्यवस्थित गर्न भन्दै एमालेले २०६५ मा सम्पन्न आठौं महाधिवेशनबाट उमेर हदको व्यवस्था गरेको थियो । त्यो व्यवस्थाका कारण कम्युनिष्ट आन्दोलनका एक संस्थापक भरतमोहन अधिकारी र पुराना नेता सिद्धिलाल सिंहले पार्टी कमिटीबाट अवकाश लिएका थिए ।

आठौं महाधिवेशनबाट लागू भएपनि उमेर हद राख्ने निष्कर्षमा एमाले सातौं महाधिवेशनमै पुगेको थियो । २०५९ मा जनकपुरमा सम्पन्न सातौं महाधिवेशनमा युवा नेताहरु घनश्याम भूसाल, योगेश भट्टराई, अरुण नेपाल, विजय पौडेल, ठाकुर गैरे लगायत नेताहरुले उमेर हदको प्रस्ताव ल्याएका थिए । त्यसको विरोधमा नेताहरु देखिएका थिएनन् ।

तर नेकपाकै संस्थापक नेता पुष्पलालकै लिगेसी बोक्ने सहाना प्रधानले उमेर हदको व्यवस्था हुँदा बिदा लिनुपर्ने अवस्था बन्यो । प्रधानकै »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मुख्य ध्यान कामदारको सुरक्षा र व्यवसायी तथा विभागको प्रतिष्ठा अभिवृद्धि : महानिर्देशक दहाल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ जेठ

वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दहालले आफ्नो मुख्य ध्यान कामदारको सुरक्षा र व्यवसायी तथा विभागको प्रतिष्ठा अभिवृद्धि रहेकोले त्यस कार्यमा साथ दिन वैदेशिक रोजगार व्यवसायीलाई आग्रह गरेका छन् । बधाई तथा कार्यकाल सफलताको शुभकामना दिन मंगलबार विभागको कार्यालय ताहाचल पुगेको वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै महानिर्देशक दहालले उक्त धारणा राखेका हुन् ।



महानिर्देशक दहालले वैदेशिक रोजगार व्यवसायीहरूले बेरोजगार युवायुवतीलाई रोजगारी प्रदान गरी रेमिट्यान्स आप्रवाहमा ठूलो योगदान दिएपनि वैदेशिक रोजगार क्षेत्र, व्यवसायी र विभागको »» पृष्ठ २ मा

## रिटर्नी फेडेरेसनद्वारा सरकारको ध्यानाकर्षण

**काठमाडौं / रासस–** रिटर्नी फेडेरेसन नेपालले वैदेशिक रोजगारबाट फर्केका नेपालीको आर्थिक, सामाजिक तथा राजनीतिक रुपमा पुनःस्थापना तथा समायोजन गर्न सरकारको ध्यानाकर्षण गराएको छ । फेडेरेसनले मंगलबार एक विज्ञप्ति जारी गर्दै रिटर्नीको पुनःस्थापना वा समायोजनका लागि आवश्यक पर्ने ऐन, कानून, नियम तथा निर्देशिका तत्काल तयार गरी लागू गर्न माग गरेको हो ।

रिटर्नीको समष्टिगत व्यवस्थापनको लागि सरकारी कार्यालय, विभाग तथा »» पृष्ठ २ मा

# विद्यालयमाथि महानगरको निगरानी

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २३ जेठ ।

काठमाडौं महानगरपालिकाले महानगरभित्रका विद्यालयहरुलाई एकपछि अर्को गर्दै कारबाहीको दायरामा ल्याउन थालेको छ । विद्यार्थीबाट महंगो फि लिने तर उनीहरुलाई छात्रवृत्ति नदिने विद्यालयलाई प्रचलित कानून बमोजिम कारबाही गर्ने महानगरले जनाएको हो । मंगलबार एक विज्ञप्तीमार्फत छात्रवृत्ति नदिने स्कुलहरुको सूची सावर्जनिक गरेर विद्यालयको स्वीकृति समेत रोक्ने चेतावनी दिएको हो ।

शिक्षा ऐनअनुसार १० प्रतिशतका हिसाबले १८ हजार लक्षित समुदायका विद्यार्थीले छात्रवृत्ति पाउनुपर्ने व्यवस्था रहेको छ । ‘काठमाडौं महानगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को नियम ५८ र ५९ एवं काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५० को उल्लंघन गरी हालसम्म छात्रवृत्ति वितरणको विवरण पेस नगर्ने विद्यालयले जेठ २८ गतेभित्र नियमानुसार छात्रवृत्ति वितरण गर्नुपर्ने छ’ जारी भएको सूचनामा भनिएको छ । छात्रवृत्ति उपलब्ध नगराउने ३४२ विद्यालयलाई कारबाही गर्ने सूचना आएसँगै प्याब्सन भने आक्रोसित भएको छ । प्याब्सनका महानगरका अध्यक्ष ज्ञानबहादुर श्रेष्ठले भने महानगरले ठाडो निर्देशन दिएर कारबाहीको चेतावनी दिनुभन्दापनि विवरण बुझाउने समय थप गनुपर्ने बताएका छन् । हाल महानगरभित्र ५ सय ४ वटा निजी विद्यालयमा १ लाख ७९ हजार विद्यार्थी अध्ययनरत छन् ।

### शिक्षा सुधारमा महानगरको सकारात्मक पहल

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले उपत्यकाको शिक्षा सुधारका लागि यसअघि नै विद्यालयमा कुनैपनि राजनीतिक कार्यक्रम नगर्न निर्देशन दिएका थिए । केही विद्यालयमा राजनीतिक दल तथा तिनका भ्रातृ संगठनका कार्यक्रम सञ्चालन हुँदा पढाईमा प्रत्यक्ष असर परेको भन्दै महानगरले सो निर्देशन दिएको थियो ।

त्यस्तै, यसै शैक्षिक सत्रदेखि सबै सामुदायिक विद्यालयमा लागू गरिएको ‘बुक फ्री फ्राइडे’ कार्यक्रम प्रभावकारी भएको महानगरले जनाउँदै आएको छ । सो कार्यक्रम अर्न्तगत विद्यार्थीले प्रत्येक शुक्रबार किताब नबोकी नियमित समयमै विद्यालय जान्छन् र अन्य अतिरिक्त क्रियाकलाप गरेर वा व्यावहारिक ज्ञान लिएर घर फर्किने गर्दछन् ।

महानगरले सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई ‘टाइ’ अनिवार्य नगर्न पनि निर्देशन दिएको थियो । टाइ लगाउँदा बालबालिकाहरुलाई असहज महसुस हुने, स्वतन्त्र रुपमा हिँडुलको महसुस गर्न नपाउने लगायतका गुनासो अभिभावकबाट आएपछि सो निर्णय भएको महानगरले जनाएको हो । निजी र सामूदायिक शिक्षामा विकृति मौलाएको चर्चा चुलिदाँ महानगरले गरेको प्रयास सकारात्मक भएको विज्ञहरुले बताउँदै आएका छन् । तर, शिक्षा सुधारका लागि गरिएका प्रयासहरु कार्यान्वयनमा नआए महानगरको निर्णय निर्णयमै सीमित रहने विज्ञहरुको बुझाई छ ।

# छायाँनाथ रारा नगरका पूर्वमेयर र उपमेयरविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं / मस**– मुगुको छायाँनाथ रारा नगरपालिकाका तत्कालिन मेयर हरिजंग शाही र उपमेयर सुन्तला रोकायाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सडक निर्माणमा २२ लाख ३६ हजार ४८२ रुपैयाँ भ्रष्टाचार गरेको भन्दै उनीहरुविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।



नगरपालिकाको वडा नं ७ स्थित विसौनीदेखि किउरीसम्मको सडकमा उपभोक्ता समितिले नगरेको काम गरेको भनेर रकम भुक्तानी सिफारिस गरेको आरोप उनीहरुमाथि रहेको अख्तियारका प्रवक्ता भोला दाहालले बताए। तत्कालिन मेयर र उपमेयरसँगै वडा नं ७ कि वडासदस्य पशुपति शाही, उपभोक्ता समितिकी अध्यक्ष रामप्यारी शाही, सचिव सादना मल्ल र कोषाध्यक्ष नानी कामीविरुद्ध पनि अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको छ।

जनप्रतिनिधिहरुले बाटो निर्माणको भुक्तानीको क्रममा उपभोक्ता समितिबाट वास्तविक रुपमा नभएको, नगरेको कामलाई कार्यसम्पन्न भएको भनी बदनियतपूर्वक भुक्तानीको लागि सिफारिस गरेको, अनुगमन समितिको प्रतिवेदन नै नभएको अवस्थामा बदनियतपूर्वक भुक्तानीको कारवाही अगाडि बढाउन आदेश गरेको अख्तियारले जनाएको छ।

उपभोक्ता समितिका पदाधिकारीले नगरेको काम गरेको भनेर नापी किताबमा चढाउन लगाई गलत नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता समितिको बिल तयार गर्न लगाई गैरकानूनी लाभ लिएको अख्तियारले जनाएको छ।

यसैबीच सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष सब्दुल मियाँ ५० हजार घुससहित पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले उनलाई हिरावती आधारभूत विद्यालय बकधुवाको निर्माणाधीन भवनको वडा कार्यालयबाट निर्माण सम्पन्न भएको सिफारिस दिन घुस लिएको आरोपमा पक्राउ गरेको हो। घुस रकम लिएलगत्तै आयोगको इटहरी कार्यालयबाट खटिएको टोलीले उनलाई मंगलबार विद्यालयबाटै पक्राउ गरेको बताइएको छ।

## रिजवुड नेपाली समाजलाई शाह परिवारद्वारा सहयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ जेठ

अमेरिकाको न्यूयोर्कस्थित चर्चित गैरमुनाफा सामाजिक संस्था रिजवुड नेपाली समाजलाई आर्थिक सहयोग प्राप्त भएको छ।

नेपालको सिरहा घर भइ हाल अमेरिका रिगो पार्क न्यूयोर्कमा बस्दै आएका अमित प्रताप शाह, श्रीमती आशा शाह, छोरा अस्टिन शाह र छोरी एन्जीला शाहले अमेरिकी डलर ५ हजार १ सय ११ अर्थात् करिब नेपाली ६ लाख ७८ हजार ४४ रुपैयाँ सहयोग गरेका हुन्।



२००७ मा रिजउडमा आएका शाह परिवार २०१३ देखि रिगो पार्क बस्दै आएका छन्।

उनीहरुले दुर्गा मन्दिर तथा नेपाली साँस्कृतिक केन्द्र निमार्णको लागि उक्त रकम सहयोग गर्ने कबुल गरेका थिए। उक्त सहयोग प्रति रिजवुड नेपाली समाजले शाह परिवारलाई धन्यवाद ज्ञापन गरेको छ।

## विश्व वातावरण दिवसको अवसरमा पदयात्रा



**काठमाडौं / मस**– संस्कृति इन्टरनेशनल स्कुलले विश्व वातावरण दिवसको उपलक्ष्यमा सचेतना फैलाउन पदयात्रा (वाकाथन) सम्पन्न गरेको छ।

कार्यक्रममा विद्यार्थी, विद्यालय व्यवस्थापन सदस्यहरू र अभिभावकहरूको उत्साहजनक सहभागिता रहेको थियो। वातावरण संरक्षणको वकालत गर्दै यस वर्षको 'प्लास्टिक प्रदूषण रोकौं' भन्ने नारालाई मूल मर्म बनाउँदै सन्देशसहितका ब्यानर र पोस्टर बोकेर र्‍याली आयोजना गरिएको थियो। वातावरण संरक्षणमा आफ्ना भूमिका प्रतिविम्बित गर्न यसले सहयोग पुर्‍याउनले स्कुलले अपेक्षा राखेको छ।

### विपक्षी...

विष्णु पौडेलकै पालामा नियुक्तिको निर्णय भएको र त्यसको निरन्तरतामा नेपाल सरकारले निर्णय गरेको, सोही अनुसार करार सम्झौता भएको रुपमा यो विषय सार्वजनिक भएपछि एमाले नै ब्याक भयो।

एमाले नै ब्याक भएपछि रास्वपा र राप्रपा पनि संसदीय समिति छानबिन गर्नुपर्ने अडानमा अडिन सकेनन्।

राप्रपाका प्रमुख सचेतक ज्ञानबहादुर शाही (ज्ञानेन्द्र) भन्छन्, 'हामीसँग प्रमाण भएर भन्दा पनि सार्वजनिक रुपमा प्रश्न उठेकाले अर्थमन्त्रीको जवाफ माग गरेका हौं। अर्थमन्त्रीको जवाफलाई विश्वास गरौं न भन्ने भएको छ। त्यसकारण तत्कालका लागि यो विषय सल्टिएको जस्तो हुन गएको छ।'

स्वयम एमालेले करको दर हेरफेरमा अनधिकृत व्यक्तिको संलग्नता नभएको स्पष्टीकरण दिएका अर्थमन्त्रीलाई शंकाको सुविधा दिएको छ।

मंगलबार नै स्पष्टीकरण दिएका अर्थमन्त्री डा. प्रकाशशरण महतले करको दरबारे आधिकारिक व्यक्तिहरुले नै निर्णय गरेको र पूर्व नासु रामकृष्ण श्रेष्ठलाई तथ्यांक इन्ट्रीमा मात्र प्रयोग गरेको बताए। डा. महतको जवाफमा एमालेले चित्त बुझायो। बजेटमाथि संसदमा भएको छलफलमा भाग लिंदै एमाले अध्यक्ष केपी शर्मा ओलीले अर्थमन्त्रीलाई शंकाको सुविधा दिने बताए।

'अर्थमन्त्रीज्यूको कसम खाने बानी रहेनछ, राम्रो लाग्यो' उनले भने, 'उहाँले जसरी सफाइ दिन खोज्नुभएको छ, त्यसमा बेनिफिट अफ डाउट दिऊँ।' उनले अगाडि भने, 'उहाँले भनेको कुरा नै साँचो होस्, अखबारमा आएका साँचा नहुन्।'

तर आगामी दिनमा सतर्कताका साथ हेर्ने र करका दरहरुसँग व्यापारीको अनुहार खोज्ने उनले बताए। उनले भने 'अर्थमन्त्री ज्युलाई बेनिफिट अफ डाउट दिएर मैले अर्थमन्त्रीज्युलाई भनें - अरु कुराहरुमा पनि हामी सतर्कताका साथ हेरिरहेका छौं। हेर्छौं। हामी करका दरहरुसँग ब्यापारीका अनुहार खोज्छौं।'

### अर्थमन्त्रीको...

अर्थमन्त्री डा. महतले १४ गते राती अनधिकृत व्यक्तिले करका दरमा चलखेल गरेको विषय आधारहीन भएको बताएका हुन्। '१४ गते राती अनधिकृत व्यक्ती प्रवेश गर्‍यो भन्ने विषयलाई आधार मानेर सदनमा प्रश्न उठेको छ,' महतले भने, 'त्यसको स्पष्टीकरण अर्थ मन्त्रालयले दिइसकेको छ। फेरि सदनमार्फत उठेका विषयलाई समेत बुँदागतरुपमा प्रष्ट पार्न चाहन्छु।'

अर्थमन्त्री भने, 'बजेटसँगै आउने आर्थिक विधेयकमार्फत सरकारले करका दर परिवर्तन, खारेजी र नयाँ प्रस्ताव गर्नेगर्छ। आर्थिक विधेयकलाई अन्तिमरुपमा दिन अर्थमन्त्री, राजश्व सचिव, राजश्व महाशाखा प्रमुख, भन्सार र आन्तरिक राजश्व विभागका महानिर्देशक लगायतका व्यक्ती रहने व्यवस्था छ। यही व्यवस्थाअनुसारका व्यक्ती बसेर आर्थिक विधेयकका लागि छलफल गर्‍यौं,' महतले भने, 'यो टिम बसेर स्वतन्त्ररुपमा आधारसहित करका दर तय गरिएको छ।'

### एमालेमा...

लागि भएपनि एमालेले यो व्यवस्था त्यो महाधिवेशनमा लिएको थिएन। तर आठौं महाधिवेशनले हलबाट अनुमोदन गरेको थियो।

त्यही व्यवस्था बमोजिम अहिलेको एमालेका संस्थापक नेता अमृत बोहोराले दशौं महाधिवेशनबाट विदा लिएका थिए। तर दशौं महाधिवेशनमा पनि ओलीले भने अध्यक्ष दोहोरिन पाउनेगरी ७० वर्ष उमेर हदसम्बन्धी व्याख्या गरिएको थियो।

यदि ७० वर्ष उमेर हदको व्यवस्थाबारे व्याख्या गरिएको थिएन भने २०७८ मंसिरमा सम्पन्न दशौं महाधिवेशनबाट ओली दोहोरिएर अध्यक्ष बन्न पाउने थिएनन्। किनकि उनले २०७९ को फागुनमै ७०औं जन्मोत्सव मनाएका थिए। तर विधानमा ७० वर्ष पार नगरेको भन्ने व्याख्या गरेर ओली अध्यक्ष दोहोरिएका थिए।

गत १९ जेठको बैठकमा नेता मुकुन्द न्यौपानेलाई केन्द्रीय सदस्य मनोनीत गर्न भनेर ७० वर्ष उमेर हद हटाएको छ। ७२ वर्षीय न्यौपानेलाई केन्द्रीय सदस्य मनोनीत गर्न विधान बाधक भएको भन्दै एमाले बैठकमा यो प्रावधान हटाउने प्रस्ताव आएको थियो। त्यो प्रस्तावमा अध्यक्ष ओली सहमत भएपछि एमालेले १५ वर्षदेखि अभ्यास गर्दै आएको ७० वर्ष उमेर हद हटाएको छ। यस्तो अभ्यास अरु पार्टीले भने लागू गरेको छैन।

### मुख्य...

योगदानअनुसारको सामाजिक प्रतिष्ठा नभएका कारण प्रतिष्ठा आर्जन गर्न मिलेर काम गर्नुपर्ने बताए। महानिर्देशक दहालले भने, 'म विभागको महानिर्देशकको जिम्मेवारीमा आउन लाग्दा धेरैले नाक खुम्च्याए, तर यहाँबाट बिदा हुँदा सुधारका महत्वपूर्ण काम गर्ने योजना छ।'

महानिर्देशक दहालले पछिल्ला दिनहरूमा सामाजिक सञ्जालबाट झुटो प्रलोभनका अनधिकृत विज्ञापन गरेर रोजगार आकांक्षी युवायुवतीलाई स्वदेशमा नै ठग्ने तथा विदेशमा पुर्‍याएर अलपत्र पार्ने क्रम अनपेक्षितरुपमा वृद्धि भएको भन्दै त्यस सम्बन्धमा छानबिन भइरहेको बताए। महानिर्देशक दहालले भने, 'मेरो मोबाइलमा अनधिकृत विज्ञापनका सयभन्दा बढी कटिङ छन्, गृह मन्त्रालयसँगको सहकार्यमा उनीहरूलाई कारबाही गर्ने योजना बनिरहेको छ। गैरकानूनी काम गर्ने सबैलाई कारबाही हुन्छ, केही व्यवसायीले समेत गैरकानूनी काम गरेको प्रमाण फेला परेको छ। उनीहरू पनि कारबाहीको घेरामा छन्, कोही छुट्ने छैनन्।'

लामो समय कर प्रशासनमा काम गरेका महानिर्देशक दहालले विभागले सञ्चालन गरिरहेको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)को क्षमता बढाएर स्वचालित प्रणालीका आधारमा श्रम स्वीकृति दिने व्यवस्था गर्ने आफ्नो सोच रहेको बताए।

उनले भने, 'वैदेशिक रोजगार प्रशासन पनि कर निर्धारण जस्तै हुनेछ। तर व्यवसायी इमानदार हुनु पर्‍यो। सम्बन्ध नङ र मासुको जस्तो बनाउन दुवै पक्षको सकारात्मक भूमिका हुनुपर्छ, सुधारका लागि म तयार छु।'

मञ्चका अध्यक्ष धनलाल जैसीले पुनः विज्ञापनको समस्या, म्यानपावर कम्पनीविरूद्ध उजुरी हालेर कामदार वैदेशिक रोजगारमा जाने, विभागमा उजुरी फरफारक नहुने समस्या, कामदार वैदेशिक रोजगारमा नगए अन्तिम श्रम स्वीकृति क्यान्सिलेसन गर्न कामदारको निवेदन पर्नुपर्ने जस्ता साना-साना समस्याले व्यवसायी तनाबमा पुग्ने भन्दै साना समस्याको समाधानका लागि महानिर्देशक दहालले ध्यान दिनुपर्ने माग गरे।

महानिर्देशक दहालले व्यवसायीले श्रमिकको हितलाई ध्यानमा राखे आफूले सुधारका काम तीव्रताका साथ अघि बढाउने आश्वासन दिए। भेटमा मञ्च कार्यसमिति, पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो।

### रिटर्नी...

अधिकार सम्पन्न सरकारी निकायको स्थापना र विकास गर्न आग्रह गर्दै फेडेरेसनले वैदेशिक रोजगाबाट फर्किएकाको तथ्यांक संकलन गरी उनीहरुको सीप, पूँजी र प्राविधिक ज्ञानको पहिचान सहितको श्रमिक तथ्यांक बैंक स्थापना गरी देशको योजना तथा उत्पादन क्षेत्रमा उपयोग गर्ने वातावरण सिर्जना गर्न सरकारलाई सुझाएको छ।

फेडेरेसनका अध्यक्ष उत्तम अधिकारीले सरकारीस्तरबाट बर्सेनि रिटर्नीको नाउँमा रकम विनियोजन हुने तर सम्बन्धित पक्षसँग नपुगी कार्यान्वय निकाय तथा बिचौलियामार्फत विभिन्न छलफल, बैठक तथा कार्यशालामा खर्चिने प्रवृतिको अन्त्य गरी त्यस्तो रकम बीऊपूँजी, पूर्वाधार विकास तथा प्रत्यक्ष उत्पादनका क्षेत्रमा लगानी गर्नुपर्ने बताए।

विदेश जानुपूर्व प्रदान गरिने अभिमुखिकरण तालिममा सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त रिटर्नीको सहभागिता अनिवार्य गनुपर्नेमा जोड दिँदै फेडेरेसनले रिटर्नी लक्षित सरकारी नीति निर्माण तयार गर्दा, गठन तथा परिचालन गरिने योजना र सम्पादन गरिने कार्यक्रमा रिटर्नी प्रतिनिधीको सहभागिताको सुनिश्चिता गर्न माग गरेको छ।

### प्रहरीलाई देखेर भाग्ने क्रममा दुर्घटना, चालक फरार

**सिरहा / मस**– सिरहाको नरहा गाउँपालिका वडा नं ३ स्थित नयाँ चोहर्वामा सोमबार राति मोटरसाइकल दुर्घटना हुँदा घाइतेको झोलाबाट लागुऔषध बारमद भएको छ।

सिरहाबाट नयाँ चोहर्वा हुँदै पश्चिमतर्फ तीव्र गतिमा जाँदै गरेको प्रदेश १ ०५ प ००१ नम्बरको मोटरसाइकल इलाका प्रहरी कार्यालय मिर्चैयाबाट गस्तीमा खटिएको टोलीलाई देखेर भाग्ने क्रममा अनियन्त्रित भइ दुर्घटना भएको जिल्ला प्रहरी कार्यलय सिरहाका डीएसपी रबिन्द्रराज पाण्डेले जानकारी दिए। डीएसपी पाण्डेले मोटरसाइकल चालक गम्भीर घाइते भए पनि मोटरसाइकल छोडेर भागेको बताए।


## हनुमाननगर कंकालिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**हनुमाननगर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**सुचना प्रकाशित मिति : २०८०/०२/२४**

यस नगरपालिकाको मिति २०८०।०१।०४ गते प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि बोल पत्र आह्वान भई तोकिएको म्याद भित्र दर्ता हुन आएको बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोदपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद एने २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सोही ऐनको दफ ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्क नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.क.बाहेक) |
|---|---|---|---|---|
| १. | EGP/NCB-GOODS/AGR-LIB/HNGR/02-2079/80 | Procurement and Delivery of Different Agricultural Tools & Machinery Equipment's for establishment of Agricultural Instrument Library | M/S Usha Enterprises Mahindra Showroom, Rajbiraj, Saptari | १,५१,९१,०००/०० |

**(प्रमुख प्रशासकिय अधिकृत)**

## Invitation for Bids

## Harinagar Rural Municipality
## Office of the Rural Municipal Executive

**Harinagara, Sunsari**
**Koshi Pradesh**

### Invitation for Bids for the [Construction of Drainage Works from Kapil Dev Mehta house to Panchdev Mehta field]

**Contract Identification No: HRMWORKS/C/NCB/06/2079-080**
**Date of publication: 7th June 2023**

1. Harinagar Rural Municipality, Office of the Rural Municipal Executive invites Online Bids under e - procurement system from eligible Bidders for the Construction of Drainage Works from Kapil Dev Mehta house to Panchdev Mehta field under National competitive Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bid document at the office of Harinagar Rural Municipality, Sunsari or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding Document is available online and can be downloaded from e-gp system www.bolpatra.gov.np/egp. Interested Bidder should deposit the cost of Bidding Document 3000.00 NRs. in the following specified Bank.
   A. **Name of the Bank : Agricultural Development Bank, Branch office, Harinagara**
   B. **Name of the office : Harinagar rural municipality**
   C. **Revenue Account No : 0602401311171092**
4 Interested Bidder should submit online Bids through e-procurement portal http:/www.bolpatra.gov.np/egp only on or before 12.00 Noon at 6th July 2023 Bidders are required to follow the electronic Bid submission procedure as specified in e -gp system.
5. Online Bids shall be opened in the presence of BIdders representatives who chooses to attend on 14.00 PM at 6th July 2023 at Harinagar Rural Municipality Office . Bids must be valid for a period of 90 (Ninety) day of Bid opening and must be accompanied by Bid security as specified below, which shall be valid for minimum 30 days beyond the Bid validity period. The scanned copy of Bid security should be uploaded in the e-gp system during Bid submission. information to deposit Bid security amount in Bank.
   Name of the Bank : Agricultural Development Bank, Branch office, Harinagara Dharauti khata No: 0602401311171041
6. Pre-bid meeting shall be held on 26th June 2023.
7. If the office happens to be closed on the date of opening of the Bids as specified, the Bids will be opened on the next working day at the same time and venue.
8. Employer reserves the right to accept or reject, wholly or partly any or all the Bid without assigning reason whatsoever.
9. Matters not covered by this Notice shall be in accordance with Public Procurement Act,Public Procurement Regulation and prevailing Laws .

| Contract No./ID | Descripson of work | Bid security Ammount (NRs.) | Cost estimate {without VAT and contingency} (NRs.) |
|---|---|---|---|
| HRMWORKS/C/NCB/06/2079-080 | Construction of Drainage Works from Kapil dev mehta house to Panchdev Mehta field. | 2,61,500.00 (Two lakh sixty one thousand five hundred only) | 1,13,91,298.32 (One crore thirteen lakh ninety one thousand two hundred ninety eight and paisa thirty two only) |

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# कृषि एम्बुलेन्स सञ्चालन र जगन्नाथमा चिस्यान केन्द्र निर्माणका लागि बजेट विनियोजन




**जीवन कैला/मध्यान्ह**
बाजुरा, २३ जेठ

बाजुराका दुई स्थानीय तहमा कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न र एक पालिकामा चिस्यान केन्द्र निमार्णका लागि कृषि मन्त्रालयबाट बजेट विनियोजन भएको छ ।

जिल्लाको हिमाली गाउँपालिका र स्वामीकार्तिक खापर गाउँपालिकामा कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न र जगन्नाथ गाउँपालिकामा चिस्यान केन्द्र निर्माणका लागि बजेट विनियोजन गरिएको हो ।

हिमाली गाउँपालिका र स्वामीकार्तिक खापर गाउँपालिकामा कृषि एम्बुलेन्स सञ्चालनका लागि ५९ लाख ७५ हजार र जगन्नाथ गाउँपालिकामा शित भण्डारणका लागि १९ लाख ७५ हजार गरी जम्मा ७९ लाख ५० हजार रुपैयाँ रकम विनियोजन भएको छ। जिल्लाका कृषकरुले फलाएको अर्गानिक रैथाने बाली बजारसम्म ढुवानी गर्न कृषि एम्बुलेन्स सेवा सञ्चालन हुने बताइएको छ ।

समयमा बजार पुग्न नसकी बारीमै कुहिएर खेर जाने अवस्थामा पुगेको गाउँमा उत्पादित कृषि उपजलाई सहजैरुपमा बजारसम्म पुऱ्याउन कृषि एम्बुलेन्स सेवा सञ्चालन हुनेछ ।

सुदूरपश्चिम प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री नरेश कुमार शाहीले संघीय सरकारका कृषि तथा पशुपन्छी विकासमन्त्री डा.बेदुराम भुसाललाई बाजुरामा कृषि एम्बुलेन्समा बजेट विनियोजन गर्न अनुरोध गरेका थिए। मन्त्री शाहीको आग्रहलाई अनुशरण गर्दै कृषि मन्त्री भुसालले कृषि एम्बुलेन्स खरिद गरी सञ्चालनका लागि बजेट विनियोजन गरेका आर्थिक मामिला मन्त्री शाहीका प्रेस सल्लाहाकार अनिल शाहीले जानकारी दिए ।

बाजुरामा कृषि एम्बुलेन्सका लागि बजेट विनियोजन भएपछि किसानले उत्पादन गरेको कृषि उपज खेर जाने अवस्था नआउने उनले बताए । एकातिर बजार समस्या र अर्कातिर सडक समस्याले गाउँको उत्पादित कृषि उपज किसानलाई समयमा बजार पुऱ्याउन कठिनाइ हुने अवस्थामा कृषि एम्बुलेन्सले सहज हुने उनले बताए । गाउँपालिकाबाट प्रत्येक वर्ष वितरण भएका विभिन्न जातका फलफुलका बिरुवा फल्न थाले पनि समयमा ढुवानी हुन नसकी खेर जाने गरेका थिए । ढुवानी समस्याका कारण फलफुल बोटमै कुहिने समस्याबाट आजित भएका किसानले एम्बुलेन्सबाट बजारीकरण गर्न पाउने भएपछि खुसी भएका छन् । प्रदेश अर्थमन्त्री शाहीले कृषिमन्त्री भुसाललाई भेटेर बाजुराका ९ वटै स्थानीय तहमा कृषि कार्यक्रम सञ्चालन गर्न आग्रह गरेका छन् भने भौतिक पूर्वाधार मन्त्री प्रकाश ज्वालाई भेटेर सडक, पक्कीपुल र लगायतका भौतिक पूर्वाधार निर्माणका लागि बाजुरालाई विशेष प्राथमिकतामा राख्न अनुरोध गरेका छन् । मन्त्री शाहीको पहलमा यसअघि बाजुरामा ३ वटा ठाउँमा बेलिवृज जोड्ने निर्णय भएको छ भने स्वामीकार्तिक गाउँपालीकाको कम्तीमा स्टीलपुल निमार्णको ठेक्का हुने प्रक्रियामा रहेको मन्त्री शाहीको सचिवालयले जनाएको छ ।

# सुनकोशीमा खसेको गाडी र दुई जनाको शव भेटियो



**काठमाडौं/मस**-सिन्धुलीको गोलन्जोर गाउँपालिका-७ लौकुनस्थित सुनकोशी नदीमा खसेर बेपत्ता सीटीईभीटीका कर्मचारी चढेको गाडी र दुई जनाको शव सशस्त्र प्रहरी बल नेपालको गोताखोरले मंगलबार फेला पारेको छ। एक जना भने अझै वेपत्ता रहेका छन् र उनको खोजी कार्य जारी रहेको छ। सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट सशस्त्र प्रहरी निरीक्षक सुवास थापाको कमाण्डमा खटिएको गोताखोरले गाडी भेटाएर नदीबाट बाहिर निकालेका हुन् ।

भेटिएका शव तनहुँ जिल्लाको भानु नगरपालिका ९ बस्ने सीटीईभीटीका प्रशासन शाखाका निर्देशक ५७ वर्षीय कृष्ण केसी र इलाम जिल्लाको सूर्योदय नगरपालिका ५ बस्ने ३२ वर्षीय विद्युत प्रशिक्षक भानु पौडेलको रहेको सशस्त्र प्रहरीले बताएको छ । पूर्वी नवलपरासी जिल्लाको प्रगतिनगर नगरपालिका ७ बस्ने योजना महाशाखाका निर्देशक ५६ वर्षीय यमप्रसाद भुर्तेल अझै बेपत्ता छन् ।

सो दुर्घटनाबारे जानकारी पाएलगत्तै सशस्त्र प्रहरी बल नेपाल नम्बर २० विपद् उद्धार गण सिनामंगल काठमाडौं र उक्त तालिम शिक्षालयबाट गोताखोर टोली खोजीकार्यको लागि खटिएको थियो । प्रदेश नम्बर ३-०१-००२ झ ४९८५ (इम्बोस्ड नम्बर बीएबी ७४६७) को स्कार्पियो गाडी जेठ १९ गते शुक्रबार भक्तपुरबाट खोटाङ जाने क्रममा घुर्मी-खुर्कोट सडकखण्ड अन्तर्गत सो ठाउँमा सुनकोशी नदीमा खसेको थियो । दुर्घटनापश्चात गाडीका चालक कृष्ण चौधरी घाइते अवस्थामा आफैं पौडिएर नदीबाट बाहिर निस्कन सफल भएका थिए ।

# छोरीलाई देश देखाउन र चिनाउन जुम्ला आइपुगे मोटरसाइकल यात्री सुरज



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २३ जेठ

छोरीलाई देश चिनाउन र देखाउन मोटरसाइलक यात्री सुरज शाह जुम्ला पगेका छन् ।

काठमाडौं सिनामंगल ९ का सुरज छोरीसहित जुम्ला पुगेका हुन् । शाहले १३ दिन अघिदेखि रसुवाबाट छोरीसँगै मोटरसाइकल यात्रा शुरु गरेका थिए ।

२५ दिनमा रसुवा हुँदै कर्णाली प्रदेशको सुर्खेत दैलेख, जाजारकोट, सल्यान र कालिकोट हुँदै मंगलबार जुम्ला आइपुगेको शाहले जानकारी दिए ।

७७ वटा जिललामा मोटरसाइकलमा पुग्ने उनले बताए । छोरा र छोरीबीचको भेदभावलाई अन्त्य गर्ने, नेपाल भित्रको साँस्कृतिक रहनसहन, भेषभूषा, भाषा, कला, साहित्य, भौगोलिक अवस्था बुझाउनको लागि १५ वर्षीया छोरी आलिया शाहलाई नेपालका ७७ वटा जिल्ला घुमाउने र देशको परिवेश बुन्ने अवसर प्रदान गर्ने उनले बताए ।

उनले अरु अभिभावकहरुले पनि छोरीको भावनालाई मध्येनजर गर्न सिकुन भन्ने उद्देश्यले छोरीलाई मोटरसाइलक यात्रामा देश देखाउने यात्रामा रहेको बताए ।

४४ वर्षीय शाहले वृत्तचित्र बनाउने काम गर्दै आएको भएपनि छोरीको एसईईपछि देश चिनाउने र नेपालीको परिभाषा बुज्न लगाउने, छोरीहरुको सम्मान गर्न ७७ वटा जिल्लाका अभिभाकहरुलाई प्रेरित गर्ने उद्देश्यले राखेको बताए ।

आफु पुगेको प्रत्येक जिल्लामा बनाइएको त्यहाँको संस्कार, संस्कृति, भेषभूषा, रहनसहन, पौराणीक बस्तु र पुरातात्व वुस्तहरुको टिकटक, फेसबुक, युट्युव लागायतका सामाजिक सञ्जालमा भिडियो बनाएर पोस्ट गर्ने गरेको उनले बताए । बुधबार जुम्लाबाट मुगु र हुँदै उनी पूर्वका जिल्ला जानेछन् ।

सबै जिल्ला घुमेर सकेपछि एउटा ठूलो महत्वपूर्ण डकुमेन्ट्री बनाउने लक्ष्य लिएको शाहले बताए । छोरी आलियाले बाबासँगको यो यात्रा रमाइलो भएको बताइन् । उनले नेपाल भरिका सबै बाबाहरुले आ-आफ्नो छोरीको चाहना इच्छा, आकांक्षाहरु पूरा गर्नु पर्नेमा जोड दिइन् । उनले छोरा र छोरीमा गरिने विभेदलाई अन्त्य गर्नुपर्नेमा जोड दिइन् ।

मंगलबार उनीहरुलाई जुम्ला सरमुकाममा कर्णाली स्पोर्ट क्लबले स्वागत समेत गरेको छ ।

**अनुसूची-१५**
**(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०२/२४**

श्री सृजना सामुदायिक वन उपभोक्ता समुह, बराहताल गा.पा.-९, १०, सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान १३० को १४८४.१३ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ ।

**श्री सृजना सामुदायिक वन उपभोक्ता समुह,**
**बराहताल गा.पा.-९, १०, सुर्खेत**

**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदाबी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७९/१२/२७ मा दिन दर्ता भएको प्रा.लि. दर्ता नं. ३१०७५०/०७९/०८० को **साझ्का एक्सपोर्ट इम्पोर्ट प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरीपाउँ भनि यस कार्यालयमा निबेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**UAE मा रोजगार | कम्पनी: EMPOWER EMPLOYMENT SERVICES** शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०२/२३ चलानी नं.: ६०२०२७१६ L.T. No.: 287345

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 50 | 0 | स. काममा दक्ष | 900 | ३२,३३७ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter Assistant | 50 | 0 | | 1200 | ४३,११६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.**
श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मो. नं. ९८१३५३५३९७, ९८१८५१०५३३, ९८४०५८१७२३, ९८१८०६००५७
इटहरी सम्पर्क: ९८०८०५६५५०, ९८११३१६३३२, ९८१५३५७८२३, पोखरा सम्पर्क: ९८०११३६६८५, ९८५६०३९७७०, चितवन सम्पर्क: ९८५५०६४९७८, ९८५५०६४९७९

**कतार र कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **NEW AL KHUZAMA CAFETERIA** शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०२/२३ चलानी नं.: ६०२०२७१० LT. No.: 287337

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : **NEW LONG LIFE TRADING AND SERVICES** कम्पनी : Doha
पूर्व स्वीकृत मितिः २०८०/०२/२३ चलानी नं.: ६०२०२७१२ LT. No.: 287338

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Executive Sales | 3 | 0 | | 2100 | ७६,०२० | | | | | | | |
| 3. | Foreman | 18 | 0 | | 2500 | ९०,५०० | | | | | | | |
| 4. | General Clean Worker | 1 | 2 | | 1000 | ३६,२०० | | | | | | | |
| 5. | Representative | 1 | 0 | | 2200 | ७९,६४० | | | | | | | |
| 6. | Sales Supervisor | 6 | 0 | | 2500 | ९०,५०० | | | | | | | |
| 7. | Salesman | 24 | 0 | | 1300 | ४७,०६० | | | | | | | |
| 8. | Supervisior | 10 | 0 | | 2500 | ९०,५०० | | | | | | | |

३. कम्पनी : **ARSHAD SARKER TRADING AND SERVICES** कम्पनी : Doha
पूर्व स्वीकृत मितिः २०८०/०२/२३ चलानी नं.: ६०२०२७११ LT. No.: 287339

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1400 | ५०,६८० | | | | | | | |
| 3. | Electrician Control | 4 | 0 | | 1500 | ५४,३०० | | | | | | | |
| 4. | Foreman | 1 | 0 | | 2500 | ९०,५०० | | | | | | | |
| 5. | General Clean Worker | 2 | 0 | | 1000 | ३६,२०० | | | | | | | |
| 6. | Plumber | 5 | 0 | | 1100 | ३९,८२० | | | | | | | |
| 7. | Representative | 1 | 0 | | 2200 | ७९,६४० | | | | | | | |
| 8. | Sales Specialist | 2 | 0 | | 2100 | ७६,०२० | | | | | | | |
| 9. | Sales Supervisor | 3 | 0 | | 2500 | ९०,५०० | | | | | | | |
| 10. | Salesman | 9 | 0 | | 1300 | ४७,०६० | | | | | | | |

४. कम्पनी : **DAR AL-MOSTAQBAL INTERNATIONAL GENERAL TRADING CO** कम्पनी : Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०२/२३ चलानी नं.: ६०२०२७१३ LT. No.: 287372

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 25 | सम्बन्धित काममा दक्ष | 85 | ३६,४४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 25 | 0 | | 150 | ६४,३११ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुवेतको रु. १०,०००/- कतारको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

**माईन्ड म्यानेजमेन्ट कार्यशाला**
**सफलता, शान्ति र आनन्दको लागि**



मानसिक क्षमता वृद्धि, आत्म विकास, सकारात्मक सोच, नेतृत्व क्षमता विकास, अध्यात्मिक ज्ञान तथा लाभ र सुखी जीवनको लागि हुन गइरहेको यस कार्यक्रममा स्वागत छ ।

"सफल हुने बहाना बनाउँदैन
बहाना बनाउनेले सफल हुँदैन"

आचार्य श्री स्वामी ध्रुव

शुल्क रु ६,000 /-

**आयोजक: सृष्टी साधना केन्द्र, सानेपा**
सम्पर्क: ९८४३४७४३९७

**यूएईमा रोजगारको अवसर | कम्पनी : ULTIMATE SECURITY SERVICES**
शहर : UAE, DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०७/२८ चलानी नं.: ६०१९११८३ L.T. No.: 275364 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Life Guard | 2 | 2 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | security Guard | 41 | 14 | | 1200 | ४३,११६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Ktm White Pearl H.R. Consultancy Pvt. Ltd.**
WPHRC
श्रम इजाजत नं.: १५३२/०७८/०७९
Shivapriya Marg, Sukedhara, Kathmandu, Tel : 01-5909824
Mob: 9823322273 | 9813648113 | 9818565885
E-mail : whitepearlhrc@gmail.com | Web : www.whitepearlhr.com

**मलेसियामा रोजगारको अवसर** कम्पनी: **JERNIH AIS SDN.BHD.** शहर: **KUALA LUMPUR**

पुर्व स्वीकृत मितिः २०८०/०१/२१ चलानी नं.: ६०२०२६३० LT. No.: 285555

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मिति जेठ ३१ र ३२ गते (14 & 15 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**RAPID INTERNATIONAL PVT.LTD.**
श्रम इजाजत नं. ५७७/०६२/०६३
Seto Pool, Ram Mandir Marg, Maitidevi Kathmandu, Nepal .
फोन नं: ४४६५८७७, ४५८८९१२

**मलेसियामा रोजगार | कम्पनी: PHOENIX SECURITY SERVICES AND CONSULTATION SDN BHD**
शहर: Malaysia, Selangor

पूर्व स्वीकृत मितिः २०८०/०२/२३ चलानी नं.: ६०२०२७०८ LT. No.:287357

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 15 | 0 | स. काममा दक्ष | 1500 | ५३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FRIENDSHIP AND COOPERATION RECRUITMENT PVT.LTD.**
FC
श्रम इजाजत पत्र नं.: १५८९/०७९/०८०
SINAMANGAL-9, KATHMANDU NEPAL Phone: 01-4593648

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# विश्वास जगाउने बेला

नेताहरूको अभिव्यक्ति, विज्ञहरूको चिन्ता र बजेटले गरेको संकेतको प्रष्ट अर्थ हो, मुलुक आर्थिक संकटमा छ। विश्वब्यापी आर्थिक संकटको असर हाम्रो मुलुकमा पनि देखिएकैले बजेटको आकार खुम्चिएको छ । सामाजिक सुरक्षातर्फ पुरानै कार्यक्रमको निरन्तरता दिइने मात्रै नभएर कर्मचारीको भत्ता कटौती, सवारी साधन खरीद नगर्ने निर्णय, पुराना सवारीहरू लिलाम गर्ने, सवारीको साटो नगद दिइने जस्ता प्रबन्धले मुलुक आर्थिक संकटमा रहेकै पुष्टि हुन्छ। ठूला परियोजना नथप्ने र भएकैलाई निरन्तरता दिने बजेटको प्रबन्धले पनि हामी सामान्य अवस्थामा छैनौं भन्ने नै पुष्टि हुन्छ । यस्तो अवस्था आउनुको पछाडि विश्वब्यापी कोरोना महामारी र रूस–युक्रेन युद्ध मुख्य कारण हो । कोरोना महामारीबाट हामी प्रत्यक्ष प्रभावित भएका थियौं, १२ हजारक बढीले ज्यान गुमाएका थिए । १० लाख मानिस संक्रमित हुँदा मुलुकले ठूलो आर्थिक क्षति बेहोर्नु परेको थियो ।

कोरोना लगत्तै रूस–युक्रेन युद्धले देखिएको संकटको समाधान हाम्रो जस्तो मुलुकले सजिलै दिन सक्दैनथ्यो । त्यसैको असर आगामी आर्थिक वर्षका लागि सरकारले संघीय संसदमा पेश गरेको बजेटमा देखिएको छ। बजेटको ठूलो हिस्सा चालु खर्चतर्फ विनियोजन गरिंदा त्यसका लागि आवश्यक स्रोतप्रति ढुक्क हुने अवस्था छैन। यस्तो बेला राजनीतिक नेतृत्वले नागरिकको विश्वास जित्न आवश्यक छ । नागरिकले संभावित संकट समाधानमा राज्यलाई सहयोग गर्ने बातावरण सिर्जना हुन आवश्यक छ। तर पछिल्ला गतिविधिले राज्यप्रति नागरिकले विश्वास गर्न सकिरहेको देखिदैन ।

नागरिकले सरकारप्रति विश्वास गर्ने बातावरण गर्न नसक्नुको पछाडि भने नेतृत्वले आफूलाई सुधार नगर्नु हो। नेतृत्वले सच्चिने संकेत नदेखाएका थुप्रै उदाहरण देख्न सकिन्छ। बजेट निर्माण गर्दा स्वार्थ समूहको स्वार्थमा अमूक व्यक्तिले करको दर हेरफेर गरेको सूचना सार्वजनिक भयो। तर त्यसमा प्रमुख प्रतिपक्ष दल एमालेले सजिलै शंकाको सुविधा दिने प्रतिक्रिया जनायो । यो आफैमा नेतृत्वप्रति नागरिकले विश्वास नगर्ने बलियो आधार हो। आमचासोमा परेको नक्कली भुटानी शरणार्थी प्रकरणमा जस्ता दृष्य, गतिविधि र प्रक्रिया चलिरहेको छ, त्यसप्रति अविश्वास गरिनुपर्ने थुप्रै ठाउँ देखिएको छ। अझ राजनीतिक स्वार्थ र भोट आकर्षित गर्नेगरी मात्रै दलहरूले लिएको अडान र गतिविधि अर्को अविश्वासको कारण हो। अतः नागरिक निराशा बढाउने यस्ता कार्यतर्फ नेतृत्व सचेत नरहने हो भने हामीलाई संभावित संकट हल गर्न कठिन हुनेछ । नेतृत्वले संकट चिन्ता गरेर होइन, समाधानको बातावरण सिर्जना गरेर हल गरिन्छ भन्ने बुझ्न ढिलाइ गर्न हुन्न।

# सार्वजनिक संस्थानमाथि प्रश्नचिह्न

अग्रलेख



● डा. दिबाकर वशिष्ठ

कुनै पनि देशको आर्थिक विकास, सरकारी विभाग, कार्यालय तथा राज्यले निर्धारित गरेका लक्ष्यहरु पूरा गर्नको लागि नै सार्वजनिक संस्थानको स्थापना गरिएको हुन्छ । सार्वजनिक संस्थान सरकारको अभिन्न अंग भएको हुँदा यसबाट जनसाधारणले उपयुक्त मूल्यमा सेवा र सुविधाको बढी अपेक्षा गर्नुलाई स्वभाविकरूपमा लिनु पर्दछ । कुनै विशेष प्रकारको व्यापार वा आर्थिक प्रयोजनको लागि अधिकार, कर्तव्य र शक्तिको निश्चिततासहित कानुनी कृतिम व्यक्तिको रूपमा सार्वजनिक संस्थानको स्थापना गरिएको हुन्छ । मिश्रित अर्थव्यवस्था रहेको नेपालमा नीजि क्षेत्रमा स्थापित संस्थानहरुको साथसाथै सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थान अस्तित्वमा रहेको पाइन्छ । नीजि उधमीद्वारा स्थापित उधोगधन्दा नीजि क्षेत्रमा पर्दछन् भने सरकारद्वारा स्थापित र संचालित उधोगधन्दा सार्वजनिकअन्तर्गत पर्दछन्। नेपालमा योजनाबद्ध आर्थिक विकासको सुरुवात वि.सं. २०१३ सालमा सुरु भएदेखि नै सार्वजनिक संस्थानहरु अस्तित्वमा आएको पाइन्छ। तथापी, सन् १९३६ मा स्थापना भएको विराटनगर जुट मिल नेपालको पहिलो सार्वजनिक संस्थान हो । सार्वजनिक संस्थानको सेवा गुणस्तरिय र प्रतिस्पर्धी हुन नसकेकै कारण वि.सं.२०४० मा सुरु भएको आर्थिक उदारिकरण र विश्व व्यापारिकरण कै कारण नेपालमा निजी क्षेत्रको प्रवेश र सार्वजनिक संस्थानमा समेत संयुक्त लगानी एवम् रणनीतिक व्यवस्थापनले प्रश्रय पाएको थियो। तथापी, गुणस्तर र प्रतिस्पर्धात्मक क्षमतामा केही सुधार भएता पनि हालसम्म सार्वजनिक संस्थानले आफुलाई अपेक्षित सुधार गरि जनअपेक्षाअनुसारको कार्य गर्न हम्मेहम्मे परेको छ । अर्कोतर्फ, हालैको बजेटले समेत कतिपय सार्वजनिक संस्थान घाटामा गएको कारण देखाउँदै बन्द गर्ने आशय व्यक्त गरेको देखिन्छ ।

अत्यावश्यक, सार्वजनिक र एकाधिकार रहेका वस्तु तथा सेवाको उत्पादन, वितरण र व्यवस्थापन गर्न सार्वजनिक संस्थानको भूमिका रहेको हुन्छ । नीजि क्षेत्रको न्यून उपस्थिति वा लगानी भएको क्षेत्रमा अग्रणी एवम् उदाहरणीय भुमिका प्रदान गर्न, राष्ट्रिय स्रोत र साधनको उपयोग र संरक्षण गर्न, रणनीतिक महत्वका क्षेत्रमा राज्यको उपस्थिति सुदृढ तुल्याउन सार्वजनिक संस्थानको स्थापना गरिएको हुन्छ । विशेष ऐन, संचार ऐन, संस्थान ऐन र कम्पनी ऐनअर्न्तगत हाल ३५ वटा सार्वजनिक संस्थान र १४ वटा सहायक संस्थान संचालनमा छन् । सार्वजनिक संस्थान संचालनमा सरकारको सोच व्यवसायिक कुशलता अभिवृद्धि, लागत न्युनिकरण, संचालन तथा व्यवस्थापनमा व्यवसायिक स्वायत्तता, शेयर स्वामित्व र जोखिम बाँडफाँटमा स्पष्टता, उत्पादनमा प्रतिस्पर्धा र व्यवस्थापनमा पारदर्शिता एवम् जवाफदेहिता रहेता कार्यान्वयनको अवस्था हेर्दा अपवाद बाहेक अधिकांशको कार्यदक्षता र सुशासन एवम् पारदर्शिताको क्षेत्र उदेक लाग्दो देखिन्छ। जसको प्रमुख चुनौतीहरुमा संस्थानहरुको प्रतिस्पर्धात्मक क्षमता र व्यवसायिकता कमजोर रहनु, संचालन र व्यवस्थापनमा एक रूपता नहनु, संस्थानहरुको नियमन, सुपरिवेक्षण प्रभावकारी नहुनु, ऐन कानुनमा समय सापेक्षरूपमा सुधार नहुनु, संम्पत्तिको उचित संरक्षण नहुनु, संस्थागत सुशासनको अभाव, राजनीतिक हस्तक्षेप, वस्तु तथा सेवाको उत्पादन, गुणस्तर र मूल्यमा आमनागरिकलाई सन्तुष्ट बनाउन नसक्नु, अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसक्नु, बजार व्यवस्थापनमा सुधारको अभाव, बन्द भएका कम्पनीहरुको सम्पत्तिको संरक्षण र उपयोग नहुनु, नीतिगत स्पष्टता र संस्थागत पुनर्संरचना नुहुनलगायत रहेको देखिन्छ ।

साधन र स्रोतको अभावले ग्रसित हाम्रो जस्तो मुलुकमा स्वदेश तथा विदेशवाट अरबौं खर्च गरी स्थापित कतिपय सार्वजनिक संस्थान विगतमा कौडीको भाउमा बिक्री गरेको भन्ने अधिकांशको भनाई छ भने कतिपय बन्द पनि बनाइएका छन् । कतिपयले अपेक्षित र गुणस्तरिय सेवा प्रदान गर्न नसकी न्यून प्रतिफल र उत्पादकत्वको रोगले ग्रसित हुन पुगेको देखिन्छ त कतिपय निजीकरणपश्चात समेत बन्द हुन पुगेका छन्। नियुक्ति, खरिद एवम् व्यवसायिक क्रियाकलापमा सरकारी निकाय एवम् राजनीतिक तहबाट हुने हस्तक्षेपले रोग सुल्झिने भन्दा बल्झिने तहमा पुगेको छ। संस्थानहरु नीजिकरण गर्ने प्रक्रिया हाल एकातिर शून्यतामा झरेको छ भने अर्कोतर्फ नीजिकरण गरिएका संस्थानहरुको हालत पनि एकातर्फ कमजोर छ । भृकुटी कागज कारखानालगायतका संस्थान वर्षौदेखि बन्द भई मजदुर र कामदारले तलब र ज्यालासमेत पाउन नसकेको अवस्था देखिन्छ, जसबाट गरीब नेपालीको काँधमा सार्वजनिक ऋणको बोझ दिन प्रतिदिन बढिरहेको अवस्थामा छ । सरकार यसतर्फ चासो देखाई कार्यान्वयन गरेको देखिँदैन भन्नेहरुको पनि कमी छैन ।



> कमजोर आर्थिक अवस्था एवम् वित्तीय अनुशासनको कमीले कतिपय संस्थान सरकारकै मुख ताक्न पर्ने अवस्थामा छन् भने कोभिड १९ एवम् अन्तर्राष्ट्रिय आर्थिक मन्दीको प्रभावले पनि कतिपय सार्वजनिक संस्थानमा चुनौतीहरू दिन प्रतिदिन थपिँदै गएका छन्। थपिएका चुनौतीसँगै सार्वजनिक संस्थानको कार्यकुशलतामाथि पनि प्रश्न चिह्न खडा भएको छ ।

देशका केही ठूला सार्वजनिक संस्थानहरु नाफामा रहेता पनि अधिकांश घाटामा रहेको देखिन्छन् । मूलतः सार्वजनिक संस्थानहरुले औधोगिक क्षेत्र, व्यापारिक, सेवा, सामाजिक, जनउपयोगी र वित्तीय क्षेत्रलाई समेटेको पाइन्छ । संस्थान व्यवस्थापनका अनुसार उत्पादकत्वको तुलनामा कर्मचारीहरुको सेवा सुविधा बढ्दै गएकोले कर्मचारी अवकाश दायित्व र प्रशासनिक खर्च बढ्दै गएको हुँदा खर्च धान्नसमेत मुस्किल परेको गुनासो छ। संस्थानहरुको कमजोर आर्थिक अवस्था एवम् वित्तीय अनुशासनको कमीले कतिपय संस्थानले सरकारकै मुख ताक्न पर्ने अवस्था आएको र कोभिड १९ एवम् अन्तराष्ट्रिय आर्थिक मन्दिको कारण समेत नेपालको अर्थव्यवस्था कमजोर अवस्थातर्फ उन्मुख भएबाट सार्वजनिक संस्थानका चुनौतीहरु दिन प्रतिदिन थपिँदै जानुले सार्वजनिक सार्वजनिक संस्थानको कार्यकुशलतामा प्रश्न चिह्न खडा गरेको छ ।

हाल लागु भएको पन्ध्रौं योजनाको सार्वजनिक संस्थान सुधार सम्बन्धि सोच, लक्ष्य, उद्देश्य र रणनीति हेर्दा सबल र प्रतिस्पर्धी सार्वजनिक संस्थानमार्फत आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने, सार्वजनिक संस्थानको कुशल र प्रभावकारी व्यवस्थापन गरी अत्यावश्यक, सार्वजनिक र एकाधिकार रहेका वस्तु तथा सेवाको प्रतिस्पर्धी, गुणस्तरीय तथा सर्वसुलभ उपलब्धता कायम गर्ने, सार्वजनिक संस्थानमा सुधार गरी गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन, वितरण र उपभोगमा नागरिकको पहुँच स्थापित गर्नु, आवश्यकता र उपादेयताका आधारमा सार्वजनिक संस्थानको पुनर्संरचना र स्थापना तथा विनिवेश गर्ने, कानूनी तथा संस्थागत सुधार र आधुनिकीकरण गरी सार्वजनिक संस्थानको सञ्चालन, व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउने उल्लेख भएता पनि तदनुरूपमा कार्य सम्बन्धित निकायबाट भएको पाइँदैन । जसका कारण आम नागरिकको चाहाना, सेवाको गुणस्तर र वस्तु तथा सेवाको उपलब्धतामा र मूल्य जस्ता पक्षहरुमा निराशाजनक स्थिती पैदा हुँदै गएको एकातर्फ देखिन्छ भने अर्कोतर्फ दिन प्रतिदिन जनगुनासो बढ्दै गएको देखिन्छ। सार्वजनिक संस्थानको सुदृढिकरण बिना सरकारले १५ औं योजनामा लिएको दीर्घकालिन सोच दिगो विकासको लक्ष्य प्राप्ती, उच्च, मध्यम आय स्तर भएको मुलुक र प्रतिव्यक्ति आय २०८७ सम्म २९०० अमेरिकन डलर पुर्‍याउने लक्ष पूरा गर्न र आर्थिक समृद्धिका सहयोग पुर्‍याउन कठोर संस्थागत सुशासन र सुदृढ वर्क कल्चरको जरुरी पर्दछ।

बढ्दो जनगुनासो कम गर्न र सार्वजनिक संस्थानको समस्या समाधानको लागि लिनुपर्ने रणनीतिहरुमा आवश्यकता र उपादेयताको आधारमा उपयुक्त ठहरिएका संस्थानको पुनर्संरचना, स्थापना र संचालन गर्ने तर सान्दर्भिक नदेखिएका संस्थानहरुलाई बन्द गर्ने नीति लिनुपर्छ। जसमा कतिपयका सवालमा कानुनी तथा संस्थागत सुधार र आधुनिकरण गरी सार्वजनिक संस्थानको संचालन, व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउने, भ्रष्टाचार र अनियमिततामा शून्य सहनसिलता अपनाउने, संस्थागत सुशासनलाई जोड दिने, कर्मचारी उत्पादकत्व र मनोवल एवम् उत्प्रेरणा वढाउने, गुणस्तरिय वस्तु तथा सेवामा जोड दिने, सार्वजनिक क्षेत्रमा निर्यातमुलक उद्योगको स्थापना र विविधिकरण गर्ने, ग्राहक सन्तुष्टि एवम् सेवालाई छिटो छरितो र भरपर्दो बनाउने, मुस्कानसहितको सेवा दिने, सर्वसाधारणलाई वस्तु तथा सेवा सर्वसुलभ र उपयुक्त मूल्यमा उपलब्ध गराउने लगायतका कार्यले मात्र सार्वजनिक संस्थानको सुधार हुनसक्ने कुरामा कसैको दुईमत नहोला । देशको आर्थिक विकासका लागि आन्तरिक स्रोतको परिचालन गर्ने, नागरिकका आधारभूत आवश्यकता पूर्ति गर्ने, विकास योजनाका उद्देश्यहरू हासिल गर्न सघाउ पुर्‍याउने, पूर्वाधार विकास गर्ने, मुलुकमा लगानीको वातावरण सिर्जना गर्ने, नयाँ प्रविधि भित्र्याउने, रोजगारी सिर्जना गर्ने मूल उद्देश्यसाथ स्थापना भएका सार्वजनिक संस्थानको कार्यसम्पादन स्तर, कार्यशैली र गुणस्तरको अवस्था मिश्रित रहेको पाइन्छ । विश्व शासन प्रणालीमा आएको नवीन लहर, सरकारको कार्यक्षेत्र र भूमिकामा आएको फेरबदल, विज्ञान र सूचना प्रविधिको क्षेत्रमा भएको अद्भूत परिवर्तन, आर्थिक उदारीकरण र विश्वव्यापीकरणका कारण सिर्जित प्रतिस्पर्धात्मक वातावरण जस्ता विविध कारणले सार्वजनिक संस्थानका गतिविधिमा पनि केही चुनौती र अवसर खडा भएका छन् ।

सार्वजनिक संस्थानको प्रमुख चुनौतीहरु हेर्दा व्यावसायिकता र प्रतिस्पर्धात्मक क्षमता कमजोर रहनु, सञ्चालन र व्यवस्थापनमा एकरूपता नहुनु, कतिपय संस्थानले नियामक र वस्तु/सेवा प्रदायकको दोहोरो भूमिका निर्वाह गर्नु, संस्थानको नियमन, समन्वय र सुपरिवेक्षण फरक-फरक निकायबाट हुनु, बन्द भएका संस्थानको सम्पत्तिको उचित संरक्षण तथा उपयोग नहुनु, स्रोत व्यवस्था नभएको दायित्व उच्च रहनु, विश्व परिवेशमा आएका कोभिड-१९ जस्ता आर्थिक उदारीकरणको नीतिअनुसार वस्तु तथा सेवा उत्पादन, मूल्य निर्धारण र बजार प्रबर्द्धन, नवीन प्रविधिको समुचित प्रयोग नहुनु रहेको छ । तथापी सञ्चालन कार्यकुशलता अभिवृद्धि गर्नको लागि वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि र विविधीकरणमार्फत बजार विस्तार गर्ने, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, व्यवस्थापन सुधार गरी व्यवसायिक दक्षता बढाउने, कार्यरत जनशक्तिलाई प्रतिस्पर्धी र सक्षम बनाउने, संस्थान सञ्चालनमा संस्थागत सुशासन प्रबर्द्धन गर्ने, आत्मनिर्भर बन्ने, संस्थानको वित्तीय दायित्व घटाउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, अभिलेख व्यवस्थापन वैज्ञानिक र यथार्थपरक बनाउने, स्रोत साधनको प्रभावकारी र विवेकशील परिचालन गर्ने, आधुनिक प्रविधि एवम् कार्य संस्कृति र व्यवहार अवलम्बन गर्ने लगायतका कार्य गर्न सकेको खण्डमा सार्वजनिक संस्थानको विकास भई जनमानसमा विश्वासनियता अभिबृद्धि हुने कुरामा कसैको दुई मत नरहला ।

*(लेखक वशिष्ठ, बैंक तथा वित्तीय संस्थासम्बन्धी विज्ञ हुन् ।)*

## सामाजिक सञ्जाल



- नवराज पन्त

लैजानेले सिमेन्ट लैजान्छु भनेन बिजुली लैजान्छु भन्यो, कति बाठो, दिनेले बिजुली प्रयोग गरेर सिमेन्ट दिन्छु भन्न सकेन, कति लाटो ! हामी बाठो छिमेकी र लाटो शासकको फन्दामा फसेका छौं। देश धनी हुने उर्जा उपभोगले हो उर्जा निर्यातले होइन ।



- ओमकुमार थापा

काठमाडौं महानगरपालिकाभित्र गरिबलाई छुट्टयाइएको कोटामा निःशुल्क उपचार नगर्ने अस्पताल र छात्रवृत्ति नदिने स्कुलहरूलाई कारबाही गर्ने कामपाको चेतावनी सह्रानीय छ। स्वास्थ्य र शिक्षामा भइरहेको लुटलाई छुट दिने सरकारप्रति जनताको कुनै आशा र भरोसा छैन् तर, कामपाको कदमले भने आशा जगाएको छ ।



- प्रेम घर्ती मगर

प्रधानमन्त्री प्रचण्डले सन् १९५० को असमान सन्धि, गोर्खा भर्ती, ईपीजी प्रतिवेदन, कालापानी सीमा विवाद, भारतको नयाँ संसद भवनमा नेपालका भूभागसहित कोरिएको अखण्ड भारतको भित्तेचित्रलगायतका संवेदनशील मुद्दा द्विपक्षीय वार्तामा उठाएनन्। तसर्थ, राजनीतिक हिसाबले उनको यो भ्रमण निरर्थक रह्यो ।



- च्यवन घिमिरे

धेरै संसदले सदनमा जनताका समस्या राख्न बोल्न समय माग्दा तीन मिनेटभन्दा बढी समय पाउँदैनन्। तर, एउटा सांसद छन्, ति सांसदमा उपस्थित भएका दिन बिना आधारका उट्पट्याङ कुरा गरेर सदनको र सांसदको घण्टौ समय व्यर्थमा खान्छन्। एक घण्टा आफ्नो बिगतका भए भएका उपलब्धी फलाक्छन्, बाँकी समय अरुमाथि कुण्ठा पोख्छन्!

## तपाईको राशिफल

मेष : नया काम बन्नेछ। वैदेशिक कार्यमा प्रगति हुनेछ ।

वृष : अचल सम्पत्तिमा वृद्धिको योग छ । मुद्दा मामिलामा विजयी भइनेछ ।

मिथुन : स्वास्थ्य राम्रो रहनेछ। तथापी, अनावश्यक जिम्मेवारीले तनाव दिनसक्छ ।

कर्कट : सम्पत्तिमा वृद्धि हुनेछ । साथीभाईबीच सुमधुर सम्बन्ध बनिरहनेछ ।

सिंह : धर्मपालनामा रुचि देखिन्छ । पराक्रममा वृद्धिको योग छ ।

कन्या : अनावश्यक खर्चमाथि नियन्त्रण राख्नुहोला। स्वास्थ्य राम्रो रहनेछ ।

तुला : सबै कार्य सफल हुनेछ। पदोन्नतीको योग छ ।

वृश्चिक : जग्गासम्बन्धी कार्यमा प्रगति हुनेछ। वाणी संयम् राख्नुहोला ।

धनु : लामो यात्राको योग छ । सबै कार्यमा अनुकूल प्रगति हुनेछ ।

मकर : अर्कामाथि भरोसा नर्गनुहोला। पैतृक सम्पत्ति प्राप्तिको योग छ ।

कुम्भ : स्वास्थ्यसम्बन्धी खर्च हुनेछ। दाम्पत्य जीवन सुखी रहनेछ ।


मीन : शान्तिमा वृद्धि हुने योग छ । नयाँ सोचअनुसार काम हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नागरिकता विधेयकमाथि किन उठ्यो प्रश्न ?

विचार



● शम्भू कट्टेल

> नागरिकतासम्बन्धी उच्च स्तरीय अधिकार सम्पन्न आयोग गठन गरी संविधानमा भएका समस्यालगायत २००९ सालदेखि शुरू भएको नागरिकता समस्या छानबिन गर्न र गैरनेपालीले नागरिकता नपाउने र रैथाने नेपालीले नागरिकता प्राप्त गर्नबाट बञ्चित नहुने प्रष्ट र पारदर्शी व्यवस्था गर्न जरूरी भएको छ ।

जनताले नागरिकता सम्बन्धमा सरकारबाट आएको ऐन कानूनले नागरिकतासम्बन्धी सबै पुराना ऐन कानूनलाई रद्ध गरेर नयाँ कानून आयो भन्ने ठानेका छन् । र, यस्ता नयाँ ऐन कानूनहरु वर्तमान संविधानमा आधारित हुनुपर्छ । तर नेपालको नागरिकतासम्बन्धी कतिपय सक्रिय (बहालवाला) ऐन कानूनहरु पुराना संविधानसँग पनि सम्बन्धित रहेछन्। जस्तै अहिले विवादित नवआगन्तुक विदेशी बुहारीको हदम्यादसम्बन्धी ऐन कानून २०६३ सँग सम्बन्धित रहेछ । २०७२ को संविधानले पनि यो कुरो कोट्याएको छ, हदम्याद उल्लेख गरेको छैन र विवादित विधेयकले पनि यो कुरो कोट्याएको छैन। त्यसैले, देशभक्त जनताको भनाई के छ भने नयाँ विधेयकहरुले सबै पुराना २००९ साल देखिका बेकम्मा प्रावधानहरु हटाएर राम्रा प्रावधानहरु मात्र समावेश गरेर पूर्ण दस्तावेजको रूपमा आओस् । यो विवादित विधेयकमा यो पूर्णता नहुनु नै यसको विरोध गर्न पर्नुको एउटा आधार हो । नेपालमा नागरिकताका प्रावधानहरु जति पछि भयो उति खुकुलो, वंशज र अंगिकृत नागरिकता प्राप्ति र हक अधिकारमा खासै फरक नहुनु, वंशजको लागि तीन पुस्ते नखोज्नु, परिचय पत्रले पुग्नेमा नागरिकता नै दिनु जस्ता कुराहरु पनि यी विरोधका आधार हुन्। यसरी विरोध गर्नपर्नुका कारणहरु प्रक्रियागत गल्ती र गलत अन्तरवस्तु दुवै छन्।

**प्रक्रियागत त्रुटि**

- संसदमा दुई/दुई पटक फिर्ता पठाइएकोमा त्यसको बेवास्ता र अपहेलना गरी निष्कृय रहेको त्यही विवादित विधेयक प्रमाणिकरण गर्नु ।
- संशोधित विधेयक ल्याउन पर्नेमा सो नगरेकोले अनैतिक प्रक्रिया हुनु ।
- संसद चलेका बेला संसदबाट नआउनुले संविधान नाघिनु ।
- संसदलाई छल्नु र उपेक्षा गर्नु ।
- राष्ट्रपति कार्यालय अपमानित र विवादित हुनु ।
- देशमा विवाद बढाउने काम हुनु ।

**अन्तरवस्तुमा समस्या**

- ठूलो संख्यामा विदेशीहरुलाई छिट्टै अंगिकृत नागरिकता बाँड्ने र उनीहरुलाई देशको शीर्ष स्थानमा पुग्न ठाउँ दिने हुनु ।
- देशका खासगरी मधेश क्षेत्रका यूगैंदेखि बसोबास गर्दै आएका धरतीपुत्र रैथाने भूमिहीन गरीब, दलित सुकुम्बासीहरुको ठूलो संख्याले नेपाली नागरिकता पाउन नसकेर विभिन्न कठिनाई झेल्न परेको स्थितिमा ध्यान नहुनु, नेपाली नागरिकता कायम राखेर बिदेशमा बसिरहेका नेपालीहरुलाई राजनीतिक लगायतका अंकुश लगाएकोमा आलोचना हुँदा पनि ध्यान नदिनु।
- नेपाली नागरिकसँग बिहे भएर आएकी विदेशी नागरिकलाई अंगिकृत नागरिकता दिन बिहेपछि निश्चित अवधि (कतिपय देशमा ५ वर्ष, कतिपयमा देशमा ७ वर्ष, कतिपय देशमा १० वर्ष) भुक्तान हुनपर्ने संसारभरिको अनुभव र ठूलो संख्याका देशवासीको माग विपरीत त्यस प्रकारको कुनै हदम्याद नराखी रातारात अंगीकृत नागरिकता दिने हतारोले त्यस्ता नवागन्तुक नागरिकहरुलाई देशको शीर्षस्थानमा पुर्याउन बल पुग्नु र त्यसले कालान्तरमा राष्ट्रिय स्वाधीनतामा दुष्प्रभाव पार्नु,
- वशज हुनलाई नेपाली माटोमा जन्मन नपर्ने, तीन पुस्ते नचाहिने, अंगिकृत दिएर पुग्नेमा वशजै दिनुपर्ने, परिचय पत्रले पुग्नेमा अंगिकृत नागरिकता नै दिनपर्ने जस्ता कुराहरुको पछाडि ठूलो राजनीतिक षड्यन्त्र भएको शंका गर्न पर्ने स्थिति हुनु,
- विगतमा पटक-पटक गलत तरिकाले दिइएका नागरिकताले गर्दा पनि नेपाली नागरिकका नेपालमा जन्मिएका सन्तानले अनागरिक हुन परेको समस्या छ, यसलाई मध्यनजर राखेर बाधा अड्चन फुकाउ व्यवस्थाहरु गर्न सकिन्थ्यो, २०७२ को संविधानले त्यस्ताहरुको १६ वर्ष उमेर पुगेपछि नेपाली नागरिकता पाउने व्यवस्था गरेकै थियो, तर ती व्यवस्था गर्न पट्टि नलागेर वंशजको नागरिकताको ध्याउन्ना हुनुले पनि कालान्तरमा राष्ट्रिय स्वाधिनतामा दुष्प्रभाव पार्ने सम्भावना हुनु,
- खुला सीमानाको कारणले सानो देश नेपालले ठूलो जनसंख्या भएका छिमेकी देशहरुको जनसंख्याको निरन्तरको स्थायी प्रवेश धान्न नसक्ने कुरा त विवादरहित छ, त्यसैले नागरिकता दिनमा कडाई गरेर जनसांख्यिक अतिक्रमण रोक्नु नेपालको लागि अत्यन्तै जरुरी छ। यो गम्भीर वस्तुगत यथार्थ कुराको ख्याल नगरी छिमेकीलाई खुशी पारेर निहीत स्वार्थ लुट्ने नियतले नागरिकता नीति खुकुलो पार्ने, नागरिकता बेच्ने ठाउँ दिने वा नवगन्तुक नागरिकहरुलाई राजनैतिक, प्रशासनिक सर्वोच्च स्थानमा पुग्ने ठाउँ दिने कुरा देशको हित विपरीत हुन्छ र देशभक्तहरुले यसको विरोध गर्नुपर्छ।

राजा महेन्द्रले लिपुलेक क्षेत्रमा भारतीयहरुलाई अस्थायीरूपमा बस्न दिएबाट पाएको पीडा त हामी सबैले भोगेकै छौं । ३० को दशक यता पञ्चायती सरकारलगायतका विगतका सरकारहरुले अवैध तरिकाले बाँडिएको नागरिकताका कारणले देशमा परेको चाप वा राजनीतिक असरहरु पनि अहिले भोग्न थालिएकै छ । देशको सीमा मिचिएको, नेपाली भूमिमा अतिक्रमण बढेको, भर्खरै जन्मिएको भारतले विभिन्न इतिहास, संस्कृति भएका देशहरुलाई 'अखण्ड नक्शा'मार्फत् आफ्नो देशको मात्रै इतिहासको रूपमा पेश गरेको मात्रा हैन नेपाली भूभागलाई समेत समेटेको, उद्योग व्यापारको क्षेत्रमा पनि नेपाललाई परनिर्भर बनाउँदै लगिएको र योजनाबद्ध रूपमा जनसांख्यिक अतिक्रमण बढाइएको जस्ता गतिबिधिहरुले देशभक्त नेपालीहरुलाई थप चनाखो र एकताबद्ध हुन आवश्यक बनाएको छ। नागरिकतासम्बन्धी उच्च स्तरीय अधिकार सम्पन्न आयोग गठन गरी संविधानमा भएका समस्यालगायत २००९ सालदेखि सुरु भएको नागरिकता समस्या छानबिन गर्न र गैरनेपालीले नागरिकता नपाउने र रैथाने नेपालीले नागरिकता प्राप्त गर्नबाट बञ्चित नहुने प्रष्ट र पारदर्शी व्यवस्था गर्न जरुरी भएको छ ।

सिरहा डायरी
राजेन्द्र महतो/मध्यान्ह

# विभेद अन्त्यका लागि एकजुट हुन पूर्वराज्यमन्त्री मण्डलको आह्वान



सिरहाको गोलबजारमा छुवाछुतमुक्त राष्ट्र घोषणाको १७ वर्ष पूरा भएको उवसरमा मधेश प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। संयुक्त दलित मोर्चा सिरहाले आयोजना गरेको कार्यक्रममा मुक्ति नेपाल सिरहा, राष्ट्रिय दलित नेटवर्क नेपाल, दलित विकास मञ्च गोलबजार सिरहाको सहकार्य रहेको थियो ।

अन्तरक्रिया कार्यक्रमको प्रमुख अतिथि पूर्वराज्यमन्त्री तथा जनता समाजवादी पार्टी, नेपालका राजनितीक समितिका सदस्य सुरेश मण्डल रहेका थिए । कार्यक्रमलाई सम्वोधन गर्दै पूर्वराज्यमन्त्री मण्डलले दलितहरुको जनसंख्याको आधारमा समानुपातिक राजनीतिक प्रतिनिधित्व नगराएसम्म विभेद अन्त्य नहुने बताए । उनले दलितहरुलाई मुलधारमा ल्याउन राजनीतिमा सामानुपातिक प्रतिविधित्व आवश्क रहेको बताएका हुन् ।

उनले अहिले दलितहरुले जो जहाँ छ, त्यहीँबाट आफ्नो अधिकारको निम्ति आवाज उठाउनुपर्ने बताए । उनले भने, 'अहिले सरकार र सदनमा रहनुभएका दलित प्रतिनिधिहरुले आवाज उठाउनुपर्छ। मधेश प्रदेश सभामा रहनुभएका प्रतिनिधिहरुले पनि अब जारी हुने नीति तथा कार्यक्रममै दलितको समस्या र समाधानका विषय उल्लेख गराउन मिहेनत गर्नुहोस् ।'

उनले मधेश प्रदेशमा मात्र दलितहरुको जनसंख्या १८ प्रतिशत रहेको उल्लेख गर्दै सम्पूर्ण दलितहरु एकजुट भएर आन्दोलन गर्ने हो भने कानून तुरुन्त कार्यान्वयन हुने बताए । उनले भने, 'दलितहरुमाथि अझैपनि विभिद छ, विभेद अन्त्यका लागि सम्पूर्ण दलितहरु एकजुट हुनै पर्छ ।' मण्डलले दलितहरुमाथि हुने सबैखालका विभेदका विरुद्ध आफ्नो पार्टी र व्यक्तिगतरुपमा आफू पनि रहेको बताए ।

दलित नेता विष्णुदेव पासवानले दलित समुदाय कुनै न कुनै स्वरूपमा जातीय विभेदमा पर्दै आएको बताए। पत्रकार मणि विश्वकर्माले जातीय छुवाछुतको घटनाहरु उजागर भइरहेको बताए । सामाजिक अपराध जस्तो घटनालाई पत्रपत्रिकाहरुमा उल्लेख हुनुपर्ने दलित अगुवा नेता संजय कुमार महराले जनाए ।

कार्यक्रममा दलित अगुवा नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । मधेस प्रदेशका सांसद ललिता दास, दलित विकास समिति मधेस प्रदेशका उपाध्यक्ष रामप्रवेश वैठा, पूर्वसांसद असर्फि सदा, दलित नेता उमेश बराल, पत्रकार अर्जु थपलिया र संयुक्त दलित मोर्चा मधेस प्रदेशका संयोजक शिवकुमार महरा लगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा स्वागत मन्तव्य मुक्ति नेपालका प्रतिनिधि विशेश्वर दासले राखेका थिए ।

# अपाङ्गता भएका व्यक्तिहरुलाई केन्द्रित गरेर बजेट ल्याउन माग

अपाङ्ग जागरण केन्द्र गोलबजार अपाङ्गता भएका व्यक्तिहरुलाई केन्द्रित गरेर बजेट ल्याउन माग गर्दै गोलबजार र कल्याणपुर नगपालिकालाई ज्ञापनत्र बुझाएको छ ।

दलित विकस मञ्च सिरहाद्वारा सञ्चालित सबैका लागि समावेशी समुदाय कार्यक्रमअन्तर्गत अपाङ्ग जागरण केन्द्र गोलबजारले अपाङ्गता भएका व्यक्तिहरुको अवस्था सुधार गर्न शिक्षा, स्वास्थ्य, रोजगार, सहायक समग्रीहरु तथा सचेतनामुलक कार्यक्रमका लागि बजेट विनियोजनको मागसहित गोलबजार र कल्याणपुर नगपालिकालाई आठ बुँदे ज्ञापनपत्र बुझाएको हो । स्वास्थ्य, शिक्षा, रोजगारीलगायतका अवसरहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुग्न नसकेको भन्दै पहुँच वृद्धिको लागि बजेटसहितको योजना बनाउनुपर्ने माग गर्दै गोलबजार नगरप्रमुख श्याम कुमार श्रेष्ठलाई केन्द्रका अध्यक्ष सन्तमान तामाङले ज्ञापनपत्र बुझाएका हुन् ।

कल्याणपुर नगरपालिका प्रमुख रामपुकार शाहलाई भने जिल्ला अपाङ्ग तथा असहाय केन्द्रका अध्यक्ष तेजनारायण साह नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाएको हो ।

स्थानीय सरकारलाई बजेट विनियोजनसहित अन्य क्रियाकलापमा अपाङ्गता भएका व्यक्ति तथा संस्थाहरुलाई सहभागी गराउन माग गर्दै ज्ञापनपत्रमा भनिएको छ, 'स्थानीय सरकारले वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा कहिलेकाहिँ अपाङ्गता भएका व्यक्ति र तिनका संस्थालाई संलग्न गराउने गर्दछन् । यस किसिमको सहभागिताले निरन्तरता भने पाउन सकेको छैन । अबका दिनहरुमा यसले नियन्तरता पाउनुपर्छ ।'

केन्द्रले आर्थिक तथा सामाजिक अवस्था सुधार गर्नका लागि शिक्षा, स्वास्थ्य, आयआर्जन, सहायक समग्रीहरु तथा सचेतनामुलक कार्यक्रमका लागि बजेट विनियोजन गर्न माग गरेको छ ।

उनीहरुले स्थानीय उपभोक्ता समितिहरु वन, खानेपानीलगायतमा प्रतिनिधित्व सुनिश्चित गर्ने नीतिगत र कानूनी व्यवस्थाको माग गरेका छन् ।

नागरिकता, अपाङ्गता परिचय प्रमाणपत्र, स्वास्थ्य तथा अन्य सामाजिक सुरक्षाको वितरणका लागि एकीकृत सेवा शिविरहरु सञ्चालन, पालिकास्तरीय समितिहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता सुनिश्चित, जनता आवास, सामाजिक सुरक्षा र प्रधानमन्त्री रोजगारलगायत संरक्षण र सुविधाका कार्यक्रमहरु प्राथमिकतामा राख्नुपर्ने माग गरेको छ ।

पालिकाभित्रका सेवा प्रदायकको भौतिक संरचनाहरु अपाङ्गमैत्री, स्वास्थ्य र सरसफाइ तथा अपाङ्गता समावेशी विपद जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रममा बजेट विनियोजन गर्न माग गरेको छ ।

२०७८ को जनगणना अनुसार कुल जनसंख्याको २.२ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको तथ्यांक छ । अपाङ्गता भएका व्यक्तिमध्ये ५४.२ प्रतिशत पुरुष र ४५.८ प्रतिशत महिला छन् । कुल जनसंख्याको १.९४ प्रतिशतमा एक वा बढी प्रकारका अपाङ्गता रहेको तथ्यांकले देखाएको छ। दलित विकास मञ्च, सिरहाले गोलबजार नगरपालिका र कल्याणपुर नगरपालिकामा सीवीएम गलेबलको साभेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच वृद्धि गर्ने उद्देश्यसहित 'सबैका लागि समावेशीकरण: हाम्रो अभियान' परियोजना सञ्चालन गर्दै आएको संस्थाकी अध्यक्ष रुनाकुमारी महराले जानकारी दिइन् ।

## साउदीमा रोजगार | १. कम्पनी : EDAMA ALSHARQ FOR OPERATION AND MAINTENANCE EST
शहर : Saudi

पूर्व स्वीकृत मिति: २०७९/१२/२१ चलानी नं.: ६०१९९३९४ L.T. No.: 283990 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 48 | 0 | स. काममा दक्ष | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : EDAMA ALSHARQ FOR OPERATION AND MAINTENANCE EST
पूर्व स्वीकृत मिति: २०७९/१२/२१ चलानी नं.: ६०१९९३९३ L.T. No.: 283989 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 48 | 0 | स. काममा दक्ष | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०७७/०७३/०७४
Mac International Manpower Pvt. Ltd.
Pinglasthan-9 Gaushala Kathmandu, Nepal
Tel-: +977-1- 4589970, 4589920.
Email: macintlmanpower@gmail.com Website : www.macintlmanpower.com

## कतारमा रोजगार | कम्पनी : CARDIFF INTERNATIONAL SCHOOL
शहर: DOHA

पूर्व स्वीकृत मिति : २०८०/०२/२३ चलानी नं.: ६०२०२६१९ L.T. No.: 287259

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 6 | स. काममा दक्ष | 1000 | ३६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १५४७/०७८/०७९
BLUE LINK PLACEMENT SOLUTION PVT.LTD
एयरपोर्ट, काठमाडौं, नेपाल, फोन: ०१–५९१३२२५, ५९१३२२६
E-mail: admin@bluelinkplacement.com | www:bluelinkplacement.com

## कतारमा रोजगारको अवसर | कम्पनी : THAAM AL SHAAY
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०२/२३ चलानी नं.: ६०२०२६७५ LT. No.:287293

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९०५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 9 | 0 | | 1200 | ४३४४० | | | | | | | |
| 3. | Labour | 3 | 0 | | 1200 | ४३४४० | | | | | | | |
| 4. | Salesman | 1 | 0 | | 1800 | ६५१६० | | | | | | | |
| 5. | Waiter | 1 | 0 | | 1500 | ५४३०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. ३१२/०५९/०६०
ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.
चाबहिल- ७, काठमाडौ, फोन: ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com

## UAE मा रोजगारको अवसर | कम्पनी: CLEANSE TECHNICAL SERVICE LLC
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७९/१२/०३ चलानी नं.: ६०१९८३३४ L.T. No.: 282939 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | स. काममा दक्ष | 900 | ३२,३३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BRIGHT FUTURE HR SOLUTION PVT.LTD.
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१-५९१४६३२, फोन नं.: ९८०३७११६०५,९८१८०१२७०१
Email : cvsbrightfuturehrs@gmail.com

## कतारमा रोजगार | कम्पनी: OXY GENERAL CONTRACTING W.L.L.
शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७९/१२/१० चलानी नं.: ६०१९८६९५ LT. No.: 283221 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Land Cartographer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 4200 | १५२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 2 | 0 | | 1200 | ४३,४४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

C.D. Human Resources Pvt. Ltd.
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073

## CYPRUS मा रोजगार | कम्पनी: SOL.FE. SOLOMOU CONSULTING SERVICES LTD.
शहर: Larnaca

पूर्व स्वीकृत मिति: २०७८/०६/१५ चलानी नं.: ६०१६४६१८ L.T. No.: 247453 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 6 | 3 | स. काममा दक्ष | 550 | ७७,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SOL.FE. SOLOMOU CONSULTING SERVICES LTD. शहर: Larnaca
पूर्व स्वीकृत मिति: २०७९/०६/१४ चलानी नं.: ६०१८८७८७ L.T. No.: 272907 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 2 | स. काममा दक्ष | 314 | ४४,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

CROWN OVERSEAS
CONSULTANCY PVT. LTD.
Gov. License No.: 225/058/059
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com

## कतारमा रोजगार | १. कम्पनी: EVERSENDAI ENGINEERING QATAR WLL
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०२/२३ चलानी नं.: ६०२०२६२७ LT. No.: 287261

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 19 | 0 | स. काममा दक्ष | 1000 | ३६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: DANWAY QATAR शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/०२/२३ चलानी नं.: ६०२०२६४० LT. No.: 287295

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 24 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1700 | ६१,५४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ३१ गते (14 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

(श्रम इजाजत नं: ५४३/०६१/०६२)
क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
बसुन्धारा, काठमाडौं, फोन नं.: ४९५९७७२, ४९८४१९०, ४९९४१९१
फ्याक्स नं.: ४३८३६२७ Email: capital2004@yahoo.com | देबी प्रसाल अधिकारी ९८५१०९९३००
" Real Happiness Lies in Making Other Happy"

## मलेसियामा रोजगार | कम्पनी: PEMBEKUAN AYAM DINGIN HARUM MANIS SDN BHD
शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७९/०८/१४ चलानी नं.: ६०१९२४६१ L.T. No.: 276870 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: FUJI ROTO GRAVURE SDN BHD शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०८०/०२/२३ चलानी नं.: ६०२०२६६५ L.T. No.: 287324

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: MTTJ ENGINEERING SDN BHD शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०८०/०२/२३ चलानी नं.: ६०२०२६६४ L.T. No.: 287325

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० जेठ ३० गते (13 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.
जि.पि.ओ.बक्स: २३९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

## साउदीमा रोजगार | कम्पनी: Rahaf Ibrahim bin Ahmed Al-Amiri Restaurant for serving meals
